**ASSOCIATION OF NEPALIS IN THE AMERICAS (ANA)**

# NEPALI NATIONAL CONVENTION

## Denver, Colorado| July 1 & 2, 2023

# ANA SANDESH





ZEN TRAVELS
202-552-1508
est. 2006

Allstate.
You're in good hands.
SUNIL PATHAK AGENCY


**CONVENTION SOUVENIR MAGAZINE OF ANA**

ASSOCIATION OF NEPALIS IN THE AMERICAS (ANA)

# NEPALI NATIONAL CONVENTION

Denver, Colorado| July 1 & 2, 2023



THE AMBASSADOR



EMBASSY OF NEPAL
2730 34TH PLACE N.W.
WASHINGTON, D.C. 20007

June 22, 2023

Dear Members of the Association of Nepalis in the Americas (ANA),

On behalf of the Embassy of Nepal in the United States, it is my honor and privilege to extend my warmest congratulations and best wishes to the ANA on the occasion of your upcoming convention on July 1 and 2, 2023 in Denver, Colorado. This convention serves as a testament to the strength, resilience, and unity of the Nepali Diaspora in the Americas. It is a platform where Nepali individuals from across the region come together to celebrate our shared heritage, culture, and accomplishments. It provides an opportunity to foster stronger bonds, engage in meaningful discussions, and showcase the richness of our traditions.

I commend the ANA for its tireless efforts in organizing this convention, which undoubtedly required meticulous planning, dedication, and a deep commitment to serving the Nepali community. Your unwavering commitment to preserving our cultural identity, promoting education, and supporting community development is truly commendable. I would also like to acknowledge the vibrant Nepali community in the United States for their invaluable contributions in various fields, include academia, business, science, technology, and the arts. Your achievements are a source of pride for our nation, and I am certain that the convention will serve as a platform to highlight and celebrate these accomplishments.

I extend my deepest appreciation to the organizers, volunteers, sponsors, and all individuals who have contributed their time, resources, and expertise to make this convention a resounding success. Your dedication and commitment to the cause are truly commendable and deserve our utmost gratitude.

Finally, I would like to express my sincere wishes for a fruitful and successful convention. May this gathering be a catalyst for new friendships, innovative ideas, and collaborative initiatives that will continue to strengthen the bonds between the Nepali Diaspora and the United States. Once again, congratulations to the ANA on this major event, and may your convention be a memorable and transformative experience for all participants.

Best wishes for a successful convention!

Sridhar Khatri

PHONE: (202) 667-4550, FAX: (202) 667-5534, E-MAIL: info@nepalembassyusa.org
WEB: us.nepalembassy.gov.np/www.nepalembassyusa.org

# ANA Sandesh

(Volume 40, Number 1, July 2023)

## Table of Contents


| Items | Page No. |
|---|---|
| President's message | 7 |
| Convener's message | 8 |
| *सम्पादकीय* | 9 |
| लघुकथा: प्लेनको टिकट | 10 |
| Message from the IPP | 11 |
| होडवाजी | 12 |
| तिम्रै खुसीमा हाँस्नसकुँ | 13 |
| गीत दूरदेशबाट | 14 |
| गजल | 14 |
| डा. तुलसीराम जोशी | 15 |
| चलन | 17 |
| पुरातनको पिंजडा | 18 |
| सानु | 18 |
| हजार सारस कागजका | 19 |
| सार्थक जीवन | 20 |
| बुद्धिजीवी बन्ने नशा ! | 21 |
| लुटेरा | 23 |
| **डायरीको पाना** | 24 |
| नेपाल हाम्रो घर | 25 |
| कौवालाई बेल पाक्यो | 26 |
| आध्यात्मिक विज्ञान | 27 |
| देशको खेती | 29 |
| असारे गीत | 30 |
| **सन्तानको माया** | 30 |
| तिम्रो शुभ आगमनका | 31 |
| जिन्दगी | 32 |
| मान्छे | 33 |



***Editorial Board***

***Keshav Raj Gyawali***
***Dr. Choodamani Khanal***
***Puspha Khanal***


***Disclaimer: Articles published in this issue of ANA Sandesh are the personal thought of the Authors. The Publication Committee is not responsible for it's content.***

# President's Message

Dear Friends and Esteemed Guests,

Greetings!

It is with great pleasure and excitement that I extend my warmest greetings to all of you on behalf of the Association of Nepalis in the Americas (ANA). As the President of this esteemed organization, I am honored to welcome you to the ANA Convention 2023 in the beautiful city of Denver, Colorado.

The ANA Convention is a momentous occasion where Nepali individuals from across the Americas gather to celebrate our shared heritage, culture, and accomplishments. It is a time to reflect on our journey as a community, recognize our achievements, and envision a vibrant future together.

This year's convention holds a special significance as we come together to celebrate not only our cultural heritage but also the spirit of resilience and unity that defines our community. In the face of unprecedented challenges, we have shown our unwavering strength and determination to overcome obstacles, support one another, and thrive as a collective force.

Denver, with its breathtaking natural landscapes, vibrant arts scene, and rich cultural diversity, provides the perfect backdrop for our convention. It is a city that embraces diversity and promotes inclusivity, reflecting the values that ANA stands for. I am confident that this gathering will be a truly memorable and enriching experience for all.

The ANA Convention 2023 promises to be a platform for collaboration, learning, and celebration. We have carefully curated a lineup of engaging workshops, thought-provoking panel discussions, cultural performances, and networking opportunities that aim to inspire, empower, and connect our community members. From exploring the latest trends and innovations to preserving our cultural traditions, this convention offers something for everyone.

I would like to extend my heartfelt gratitude to our sponsors, volunteers, and the organizing committee who have worked tirelessly to make this event a grand success. Their dedication and passion are a testament to the strong sense of community and shared vision that drives our organization forward.



**Bijay Raj Bhattarai**
President, ANA
Chair, ANA Convention 2023

As we come together at this convention, let us celebrate the achievements of our fellow community members, applaud their endeavors, and renew our commitment to creating a brighter future for the Nepali diaspora in the Americas. It is through our collective efforts that we can forge new paths, inspire future generations, and leave a lasting legacy.

On behalf of ANA, I extend my best wishes for a successful and memorable ANA Convention 2023. May this gathering foster new friendships, spark innovative ideas, and deepen our connections as we continue to pave the way for a stronger and more united Nepali community.

Thank you for joining us on this incredible journey. I look forward to celebrating our shared accomplishments and embracing the endless possibilities that lie ahead.

Warm regards,

Bijay Raj Bhattarai

# Message from the Convenor



**Binod Raj Tripathi**
Convenor
ANA Convention 2023

Dear Friends and Supporters,

On behalf of the Association of Nepalis in the Americas (ANA) Convention 2023 organizing committee, I extend my heartfelt gratitude for the unwavering support and assistance we have received from the local community here in Denver, Colorado. Your contributions have been instrumental in making this convention a resounding success.

From the moment we embarked on this journey, we were overwhelmed by the warmth and generosity extended to us by the people of Denver. Your willingness to embrace our vision and lend a helping hand has been truly inspiring. The spirit of collaboration and community that we have witnessed throughout the planning process has been nothing short of remarkable.

To the countless volunteers who dedicated their time, energy, and expertise, we extend our deepest gratitude. Your enthusiasm, hard work, and unwavering dedication have been the driving force behind the smooth execution of this event. Your selfless contributions have not gone unnoticed, and we are forever grateful for your commitment to making this convention a memorable experience for all.

To the local community organizations and individuals who offered guidance, connections, and advice, we are truly indebted to you. Your wisdom, experience, and insights have been invaluable in shaping the convention program and ensuring its success. Your passion for fostering community engagement and cultural exchange is an inspiration to us all.

Lastly, we would like to express our gratitude to the people of Denver for embracing us with open arms and making us feel at home. Your kindness, hospitality, and enthusiasm have left an indelible mark on our hearts. This convention would not have been possible without your support, and we are immensely grateful for your warmth and friendship.

As we come together to celebrate our shared heritage and accomplishments, let us remember the power of unity and collaboration. Together, we have created an event that will leave a lasting impact on the Nepali community in the Americas.

Thank you once again for your unwavering support, and we look forward to continuing our journey of strengthening community bonds and creating a better future together.

With deep appreciation,

Binod Raj Tripathi

सम्पादकीय

# नेपालीलाई नेपाली नै हुन देउ

आफुलाई नेपालीको रुपमा चिनाउने मान्छेहरु संसारभर छौ। नेपाल छोडेर हिड्ने पहिलो पुस्तामात्रै होइन, त्यो भन्दा पहिले, अझ पहिले मुल थलो छोडेर हिडेका हरुले आज पर्यन्त आफुलाई गर्वसाथ नेपाली भनेर हिड्ने गरको पाईन्छ। आज बर्मा (म्यान्मार )मा बस्नेहरु, भारतमा विभिन्न भागमा बस्नेहरु, मलेसियामा, फिजीमा बस्नेहरुले नेपाललाई आफ्नो मातृभूमि / पितृभूमि भनेर श्रद्दा पुर्वक सम्झिने गरको पाईन्छ। भर्खरै छोडीहिडेका त धेरैजसो कानुनी रुपमै नेपाली छौ।

नेपालको निधि के के हो? पहाड हो, जंगल हो, हिमाल हो र नदिनाला हो। र संगसंगै आफुलाई नेपाली भनेर चिनाउने संसारभर छरिएका मान्छे हरु पनि हुन्। उनीहरुलाई नेपाली भै रहन के चाहिन्छ? उनीहरु के खोजिरहेका छन्? त्यो के दोहोरो नागरिकता हो? बिना भिसा नेपाल जाने आउने सुबिधा हो। नेपालको सिमाबाहिर बसेका करोडौ नेपालीहरुलाई नेपाल संग कसरि जोड्ने हो?, त्यो उत्तर मुलथलो ले खोज्नु पर्छ। यदि नेपाल बाहिर बसेर प्रेमपूर्वक दैनिकरुपमा आफ्ना गाउघर, ईस्टमित्र, पहाड, पर्वत सम्झिने यी नेपाली हरुलाई, मुलथलो ले, काठमन्दौ स्थित सिंहदरबारले, संसद भवनले प्रेमपूर्वक सम्झियो भने, यी करोडौ करोड नेपालीहरु, यिनका छोरा छोरीहरु, नाती नातिनाहरुले सुदुर भविष्यमा पनि नेपालका दुत भएर संसारभर फ़ैलिरहनेछन।

नेपालले संसारभर फैलिदो आफ्नो शक्ति / निधि चिनोस र नेपालीहरु सधै नेपाली हुन् पाउन। अस्तु !



# लघुकथाः प्लेनको टिकट

मैले श्रीमतीलाई भनेको थिएँः 'सुन, धेरै वर्ष भयो नेपाल नगएको । यो दशैँमा जाऊँ है ?'

उनले भनेकी थिइन्ः 'हो हुन त, तर यो घर, गाडी, आफ्नो, छोराछोरीको इन्स्योरेन्स कसरी तिर्नु ? किस्ता कसरी तिर्नु ? फेरि नेपाल जाने प्लेनभाडा पनि त निकै लाग्छ । ४ जना जानु प¥यो, आउनु प¥यो । कोसेलीपात पनि चाहियो । के गरी सम्भव हुन्छ र ?

उनको कुरो सोह्रै आना सही थियो ।

भर्खर काम सकेर आएको थिएँ । ढोकाको चावी सुस्तरी खोलेँ । किनकि कामबाट आएर थाकेर सुतेकी मेरी श्रीमती उठ्लिन भन्ने डर थियो । फ्रिजबाट टोर्टिया रोटी झिकेँ । पिनटबटर दलेँ । खाएँ । घडी हेरेँ । रातको १ बजेको रहेछ । नेपालमा आमाले पस्किएर दिएको तात्तातो भात सम्झेँ । केही नगरी खान पाएको सम्झेँ । बाबालाई सम्झेँ । फोन नगरेको पनि पनि धेरै भइसकेको थियो । फोन गरेँ ।

बाबाले फोनमै भन्नुभयोः 'धेरै वर्ष भयो त हौ जेठा दशैँ सँगै नमनाएको । यसपल्ट त आओ न हौ ।'

मैले बहाना बनाएँ । विवसता देखाएँ ।

फेरि बाबाले फोनमा भन्नुभयोः 'यो अन्नपानीको शरीर कहिले सम्म हुने हो, थाहा छैन । यो वर्षदेखि मेरा पनि आँत हराए जस्तो लाग्दैछ । शरीरको पाइन सकिएजस्तो लागेको छ । कस्तो त हौ त्यो अमेरिका भन्ने देश, कहिल्यै पनि छुट्टी नहुने ?'

मैले फेरि बहाना बनाएँ ।

बाबाले फेरि भन्नुभएको थियोः 'तिमीहरू ४ जानाको आउने जाने प्लेनको टिकट मै काटिदिन्छु । भो कुनै बहाना नपार । केही चलेन भने यहाँ यत्रो पितृप्रसाद छ । आओ । गर । खाओ ।'

मैले श्रीमतीलाई यो कुरो सुनाएँ । उनले भनिन्ः 'कस्तो लाजमर्दो कुरो, अमेरिका बसेको यत्रो वर्ष भो, अब बाबाले प्लेनको टिकट काटिदिनु पर्ने ?'

बाबाले काटेर पठाएको प्लेनको प्रिन्टिेड टिकट टेबुलमै थियो । नेपालबाट आज सानीमाले फोन गर्नुभयो र भन्नु भयोः 'भिनाजु त खस्नुभयो ।'




खेमराज पोख्रेल

सान आण्टोनियो, टेक्सास




# Message from the Immediate Past President



**Khagendra Adhikari**
IPP
And current Board of Trustee

Welcome to the Nepali National Convention 2023 in Colorado, Denver City the famous "Mile High City." This event is the result of months of collaboration and shared leadership between myriad Nepali-American societies, including ANA, RMFN and other organizations, all with a common vision to unite the vibrant North American Nepali diaspora and to celebrate our shared heritage, language, and culture. This tradition of cooperation between multiple societies to host this convention has now been going strong for 6 years, and I am quite excited to see it evolving and thriving in this new iteration. All of our organizations have worked hard to make this event successful and we are optimistic that this endeavor will signify a continued era of partnership between disparate Nepali organizations across the nation to better serve the needs of Nepali-Americans. On behalf of the Association of Nepalis in the Americas (ANA), I hope you enjoy the festivities planned for this upcoming Fourth of July weekend and take advantage of this unique opportunity to engage in deep discussions to envision a brighter future for our Nepali community.






# होडवाजी



## गोविन्द गिरी प्रेरणा

१३ जनवरी २०२२, फल्स चर्च, भर्जिनिया, अमेरिका ।

होडवाजी छ नचिन्ने
एक अर्कालाई !
होडवाजी छ देख्न नसक्ने
एक अर्कालाई !
होडवाजी छ नबुझ्ने
एक अर्कालाई !
होडवाजी छ दुत्कार्ने
एक अर्कालाई !
होडवाजी छ नस्वीकार्ने
एक अर्कालाई !
होडवाजी छ सिध्याउने
एक अर्कालाई !
के बांकी राख्ने हुन् यिनले
या क्यै वांकी नै नरहने हो !
यौटै प्रश्न बांकी छ यतिखेर ।







# तिम्रै खुसीमा हाँस्नसकुँ

दामोदर लुइटेल

अरोरा, कोलोराडो

(एक चित्त लगाई सुन मेरी प्रिये, मैले भनेको कुरो,
यो स्वार्थी दुनियाँमा मभन्दा अरु कोही छैन तिम्रो हिरो) - २

सात जन्म सम्मनी सँगै बसौँला भनी बाचाकसम गर्दछु,
जीवनभर दासी रहनु परे पनि म तिम्रै खातिर मर्दछु।
विश्वासघात गर्ने छुईन यो जुनीमा विश्वास पक्का भो नि
आशा गर्दछु तिमीले पनि मलाई जीवनमा धोका दिने छैनौ नी।

एक चित्त लगाई सुन मेरी प्रिये, मैले भनेको कुरो,
यो स्वार्थी दुनियाँमा मभन्दा अरू कोही छैन तिम्रो हिरो

तिम्रो सुख र खुसी देख्नका लागि दिनरात जोतिने छु
तिम्रो अˆठ्यारा र पीरमर्काहरूमा सामेल भई दिनेछु।
घाँस-दाउरा पानी-पँधेरो बजार-मेलापात हामी सँगै जाऔँला
घर-धन्दा चुलो-चौको लीपपोत गरी खुसी सँगै बाँडौला ।

एक चित्त लगाई सुन मेरी प्रिये, मैले भनेको कुरो,
यो स्वार्थी दुनियाँमा म भन्दा अरू कोही छैन तिम्रो हिरो







## गीत दूरदेशबाट



लगिदेऊ न सन्देश मेरो, आकाशका ताराहरू

उनी बिना उदास-उदास, फिक्का लाग्छन् सारा अरू,

पूर्व घमाइलो

टाडा छ माया हजुर के को रमाइलो ?

एक्लो-एक्लो जिन्दगीमा, कति कति प्यास छ

उनको सुवास बोकी ल्याउने, मात्र चिसो बतास छ

झर्न लागे खुशी फुल्ने, वसन्तका पातहरू

कोल्टे फेर्दै छट्पटीमा, गुजरिंदैछन् रातहरू

पूर्व घमाइलो

टाडा छ माया हजुर के को रमाइलो ?

गुन्गुनाउँछु गीत सधैं, विरहको धून बोल्छ

बाहिर चल्छ चिसो हावा, भित्र-भित्र मन पोल्छ

आˆनो मुटु आफैसँग, कतै टाडा भए जस्तो

छायाँ छुट्यो उतैतिर, काया मात्रै रहे जस्तो,

पूर्व घमाइलो

टाडा छ माया हजुर के को रमाइलो ?

ज्ञानेन्द्र गदाल
फिक्कल, ईलाम
हाल: कोलोराडो, अमेरिका ।

## गजल

**भूपेन्द्र महत**
कोलोराडो

छाती जल्यो भन्छ्यौ रे, आगो त यता नि बलेको छ
घाइते तिमी मात्र कहाँ, गोली त यता नि चलेको छ ।

न निदाउँछन् यादहरू ,न शान्त छन् मनका छालहरू
शिथिल छ उमङ्ग यो, कता कता मेरो नूर ढलेको छ ।

बसन्तको आगमन भो, भएन तिम्रो मनको बस्तिमा
बाँकी केही छैन यहाँ, मेरो त हर याम जलेको छ ।

बीच बाटो छाडिदियौ, गन्तव्य खोजुँ कता म
अब त लाग्छ मलाई, मेरै छायाँले नि छलेको छ ।



We wish a grand success of the upcoming ANA Convention event in Denver, CO dated July 1 & 2, 2023

*Nabin Dutta*
*Nilam Shrestha & Family*
*Denver, CO*

# डा. तुलसीराम जोशीका महत्वपूर्ण सामाजिक योगदानहरु



**खगेन्द्र अधिकारी**

वाशिंगटन डी. सी.

विश्वमै सुन्दर शान्त मानिएको भूपरिवेष्ठित देश नेपालको सुदूर पश्चिममा पर्ने पहाड़ी क्षेत्र बझांग जिल्लामा जन्मनु भएका विद्वान् एवं शिक्षाविद वरिष्ठ समाजसेवी प्राध्यापक डा. तुलसीराम जोशी कुशल, सर्वव्यापी, सर्वोच्च, विशिष्ट र परोपकारी सामाजिक सेवाको सन्दर्भमा एक असाधारण साथै उदाहरणिय साथै सर्वश्रेष्ठ नाम हो। धेरै बर्ष अर्थात् अत्यंत लामो समय देखि उहाँ संयुक्त राज्य अमेरिकाको West Virginia राज्यमा एक सुन्दर र व्यवस्थित परिवारका साथमा बसोबास गर्नु हुन्छ। आफ्नो दैनिक संघर्षशील जीवनमा प्रोफ़ेसर डा.जोसीले संयुक्त राज्य अमेरिकाको Fairmont State University (बिश्वविद्यालय) मा धेरै बर्ष शिक्षण (अध्यापन) पेशामा रहेर सेवा प्रदान गर्दै हाल केहि वर्ष अगाड़ी सेवा बाट निवृत्त हुनु भएको छ।

दयालु स्वभावका उहाँ अर्थात् प्रोफ़ेसर डा. जोसी सामाजिक क्षेत्रमा आबद्ध भएर पनि धेरै नै मूल्यवान समाजसेवीका रुपमा उदाहरणिय र अविस्मरणीय कार्यहरु सम्पन्न गरि सक्नु भएको बिषय मातृभूमि र प्रवासमा वाहाँले सम्पन्न गरेका थुप्रै यत्र-तत्रका बिभिन्न सम्पादित कार्यहरु बाट स्पष्ट रुपमा निश्चित गर्दै विस्वास सहित सहजै अनुभूति गर्न सकिन्छ।

गरीब, असाहाय र सीमान्तकृत बर्गका बालवालिकाहरुलाई सुलभ तवर बाट माध्यमिक तह सम्मको सहज र सुलभ शिक्षा दिलाउनका लागि भनेर करोडौं रुपियाको धनराशि दान (सहयोग) गर्दै मातृभूमि नेपालको धनगडी, कैलालीमा आफ्नै नाम अर्थात् तुलसी राम जोशीका नाम बाट श्री राष्ट्रिय तुलसीराम माध्यमिक बिध्यालयको स्थापना गरेर सामाजीकरणको जिवन्त अनि सर्वश्रेष्ठ सेवा प्रदान गर्दै बिपन्न बर्गका मानिसहरुमा उदाहरणिय सेवा स्थापित गर्नु भएर प्रसिद्धि सिद्द गर्नु भएको सन्दर्भ हामी बिच दर्पण छायाँ जत्तिकै छर्लंग र स्पष्ट छ।

उमेरले पाको अर्थात् वयोवृद्ध हुनु भएका प्राध्यापक डा. जोशीले नेपालको धनगडीका अलावा बझाँगका धेरै नै स्थानीय विद्यालयहरुमा आर्थिक सहयोग प्रदान गर्दै बिपन्न र गरीब विद्यार्थिहरुलाई सहयोगी बनेर आर्थिक रुपमा मद्दत गर्नु भएको छ एकातिर भने अर्कातिर परिबारका धेरै आफन्त र बिभिन्न सहयोगी सदस्यहरूलाई पनि ती विद्यालयहरुमा मनोबल बढ़ाएर मद्दतको लागि सहयात्री बन्न जोड-बल प्रदान गर्नु भएको छ भन्ने बुझिएको छ।

मैले आज सम्म थाहाँ पाए अनुसार, प्राध्यापक डा. तुलसीराम जोशीले प्रबाशमा बसेर मातृभूमि नेपाल र नेपाली अमेरिकी समुदायका लागि जति आर्थिक सहायता र मद्दतका कार्यहरु गर्नु भएको छ त्यति मद्दतका कार्यहरु, प्रवास र नेपालमा रहेका उहाँकै हैसियत बराबरमा रहेका अन्य अन्यहरुले सम्पन्न गरेका बृहत्तर कार्यहरुका समाचारहरु त्यति प्रकाशनमा आएको देख्न सकेको छुईन।यस कारण पनि अग्रज व्यक्तित्व प्राध्यापक डा. तुलसीराम जोशी ज्यूलाई अन्य प्रबाशमा बसोबास गर्ने नेपालीहरुले धेरै नै नजिकको प्रेरणाको स्रोतका लागि उदाहरणमा लिदै उहाँ प्रति सम्मान अनि गौरव गर्दा सकारात्मक हुनेछ भन्दा अत्युक्ति नहोला।

उहाँले सामाजिक क्षेत्रमा बिभिन्न समुदायको लागि जति सहयोग गर्नु भएको छ , त्यति नै सहयोग आँफु जन्मेको नेपालको सुदूर पश्चिमको बिकट मानिने पहाड़ी क्षेत्र बझांग जिल्लामा पनि सहयोगी बनेर आर्थिक सहयोग गर्नुभएका प्रमाणित दृष्टान्तहरु हामी बिच रहेको परिदृश्य छर्लंग नै छन्। प्राध्यापक डा. जोशी आँफु नितान्त सकारात्मक सोचमा बिस्वास गर्ने र सोही मुताबिक चल्ने कुशल विद्वान व्यक्तित्व भएका कारण अरुहरुलाई पनि सोहि बमोजिम सबैले मातृभूमिलाई सहयोग गर्न पर्छ भन्दै सम्पूर्ण देशी विदेशी नेपालीहरु लगायतमा लगातार आह्वान पनि गर्नु हुन्छ।

आफ्नो संस्कृति, संस्कार, धर्म, मातृभूमि, मातृभाषा भुल्यो भने आफ्नो पहिचान गुमाईन्छ भन्ने प्रोफ़ेसर डा.जोशी राम्रो काम गर्नेलाई सके साथ देउ नसके हौसला भने पनि बढ़ाउ भनेर सबैलाई आग्रह गर्दै आफ्नो निजी स्वार्थ पूर्तिका लागि झुठो कुरा गरेर र असहज स्थितिको सृजना गरेर कसैलाई पनि अपहेलना नगर भन्ने संदेश प्रवाह गर्नु हुन्छ।कसैले कसैको पनि हुर्मत नलिनु र आफ्नो सुसंस्कारलाई समाजमा व्यवस्थित रुपले परिचित गराउदै असली कुराहरुलाई समाजमा हातेमालो गर्न सदैव तत्पर रहनुमा नै समाजसेवीको परिचय स्थापित हुन्छ भन्नेमा प्राध्यापक डा.जोशी बिस्वास गर्नु हुन्छ। हाल संयुक्त राज्य अमेरिकामा स्थाई बसोबास गर्दै आउनु भएका प्रोफ़ेसर डा. तुलसीराम जोशी भूगोल विद् का अतिरिक्त नेपालको सुदूरपश्चिम क्षेत्र बाट पहिलो पटक पि.एच.डी. (विद्याबारिधी) को अध्ययन पुरा गर्ने प्रथम नेपाली व्यक्तित्व पनि हुनुहुन्छ।

अमेरिकाको West Virginia राज्यमा अवस्थित Fairmont State University मा Association of Nepalis in the Americas (ANA) समेतको श्रृंखला बद्द नाममा ANA-Tulasi & Marilyn Joshi Scholarship मुल नाम बाट अन्तराष्ट्रिय छात्रवृत्ति कार्यक्रम संचालन गरेर १०० भन्दा बढी संख्यामा नेपाली र विदेशी मुलुकका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउदै आवास साथै आर्थिक सहयोग मार्फ़त योगदान पुर्याउनु भएको छ। यस प्रकारका डा. जोशीका बिबिध परोपकारी योगदानका कारण केही नेपालीका साथै केही विदेशी मुलुकका विद्यार्थीहरुले डक्टरल डिग्रीको शिक्षा हासिल गरे पश्चात अनुसन्धान र विकासका विभिन्न क्षेत्रका अलावा अमेरिकाको नासा एवं ब्रिस्टोल मायर्सजस्ता प्रतिष्ठित कम्पनीहरुमा कार्यरत रहेका छन्। उनीहरुमध्ये केही अन्तरिक्षको अनुसन्धानमा छन् भने कतिपयहरु त मुटु रोग तथा क्यान्सर रोगको औषधि पत्ता लगाउने अनुसन्धानमा सफलता हासिल गरिरहेका छन्।

प्रोफ़ेसर डा. तुलसीराम जोशीले क़रीब ४३ बर्षसम्म संयुक्त राज्य अमेरिकाको वेष्ट भर्जिनियास्थित फेयरमण्ट विश्वविद्यालयमा अध्यापन सेवा गर्नु भएको थियो। उहाँले संयुक्त राज्य अमेरिकामा मात्र होइन मातृभूमि नेपालमा समेत शिक्षाको विकासका लागि अतुलनीय योगदान गर्नु भएको कुरा सर्वविदितै छ।

इतिहासको सुनौलो पानामा अमेरिकी प्रवासी नेपाली समुदायको नाम चम्किला अक्षरमा लेखिने गरी शिक्षाको क्षेत्रमा सबैको पहुँच र सुबिधा पुर्याउने हेतुमा प्रोत्साहित हुँने उच्चकोटिको सामाजिक अभियान सञ्चालन गरेर समाजसेवामा समर्पित महान बौद्धिक प्रतिष्ठित व्यक्तित्व प्रोफ़ेसर डा. तुलसीराम जोशीले उत्तर अमेरिकी नेपालीहरुको सबै भन्दा ठूलो र पुरानो राष्ट्रिय सामाजिक संस्था Association of Nepalis in the Americas (ANA) संगको संयुक्त सहकार्यमा Ba-jhang foundation भन्ने सामाजिक सेवाको भावना र उद्देश्य

लिएको स्वयंसेवी संस्थाको माध्यम बाट नेपालको दुर्गम पहाड़ी जिल्ला बझांग जिल्लामा धैरै भन्दा धैरै गरीब तथा जेहन्दार विद्यार्थिहरुलाई निःशुल्क उच्च शिक्षा हाँसिल गर्नको लागि आंशिक रुपमा भए पनि नेपालमा सर्व प्रथम छात्रवृत्ति प्रदान गरेर समेत धैरै बर्ष देखि आर्थिक सहयोग गरि रहनु भएको छ। यसरी मानवीय सामाजिक सेवा मार्फत प्रोफ़ेसर डा. तुलसीराम जोशीले नेपालको दुर्गम पहाड़ी स्थान बझांग जिल्लामा शिक्षाको क्षेत्रमा पुर्याएको बिशिष्ट योगदान पनि हामी माँझ अविस्मरणीय रुपमा रहेको छ र अविस्मरणीय रहने नै छ।
मानवीय सामाजिक सेवाको लागि समाजमा शिक्षाको उज्यालोमा ज्योति फैलाउन उत्कृष्ट साथै अतुलनीय र सर्वश्रेष्ठ योगदान पुऱ्याए बापत वरिष्ठ समाजसेवी प्रोफ़ेसर डा. जोशीलाई नेपालका सम्मानिनीय राष्ट्रपति श्रीमती बिद्यादेबी भण्डारीले एक बिशेष समारोहमा नेपालको धनगडीमा बिशेष महत्वपूर्ण प्रोहोत्साहन स्वरूप पुरस्कृत गर्दै सम्मानित गर्नु भएको थियो। यसका अतिरिक्त उत्तर अमेरिकी नेपालीहरुको प्रथम राष्ट्रिय संस्था Association of Nepalis in the Americas (ANA) बाट पटक पटक सम्मानित र पुरस्कृत, सन् २०२१ को 'आउटस्ट्याण्डिङ फिलान्थ्रोफिस्ट अवार्ड, अमेरिकाको West Virginia राज्यका गभर्नरहरुबाट बेला बेलामा विभिन्न अवार्डहरु, नेपालका श्री ५ महाराज धिराज अर्थात् राजा बाट बिशिष्ट पदक, वेष्ट भर्जिनियाको शिक्षा विभागबाट प्रतिष्ठित मानिएको साइरस भेन्स अवार्ड र अमेरिकन एसोसिएसन अफ जोग्राफर्स आदि आदि बाट समेत सम्मानित हुनु भएको बरिष्ट एवं बिशिष्ट सामाजिक व्यक्तित्व हुनुहुन्छ।
यसका अलावा अन्य बिभिन्न प्रतिष्ठित निकायहरु बाट प्रतिष्ठावान बिबिध किसिमका "अवार्डस" प्रदान गर्दै सम्मानित हुनुभएर नेपाल र अमेरिकी नेपाली समुदायका मानिसहरुलाई गौरवान्वित तुल्याइदिनुभएको छ।
यदि नियत शुभ छ भने परिणाम पनि शुभ नै हुनेछ, यो ध्रुव सत्य बचन हो, अर्थात् सत्य तितो हुन्छ तर मर्दैन यसलाई तथ्यगत बिस्वास मानिन्छ।धनको भन्दा मनको धनि नै नैतिक हुनेछ भन्ने सोचमा उदाहरण बनेर परोपकारी सामाजिक सेवाको क्षेत्रमा आबद्ध हुन कहिले पनि नथाक्ने भनेर चिनिने डा.जोशी हामी र हाम्रो समाजका लागि महान परोपकारी समाजसेवी व्यक्ति मानिनु हुन्छ।
अत: भविष्यमा प्रोफ़ेसर डा. जोशीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना समेत व्यक्त गर्दा अत्युक्ति नहोला।

निस्चित रुपमा र निस्संदेह सत्य यहि नै हो, बस्तु, घटना अनि समय अस्थायी हुन्छन्, यसर्थ, देख्ने, बोल्ने र गर्ने क्रियालाई समभावमा राख्न पर्दछ।अर्थात, सन्तुलित र सकारात्मक विचारले मात्र मानिसको जीवनलाई सार्थक बनाउँन सक्दछ। यसलाई मध्यवर्ती सत्य निर्धारित गर्दाका उदाहरणार्थका रुपमा हामी प्रोफ़ेसर डा. जोशीका उपलब्धिमुलक र उपयोगीमुलक परिदृश्यका प्रतिबद्ध र प्रतिस्थापन भए गरेका योगदानहरुलाई सम्झना राख्न उत्सुक बन्नु सान्दर्भिक हुनेछ।

अन्तर्राष्ट्रिय भाषा, अंग्रेज़ीमा एक वस्तु निश्चित कहावत छ भनिन्छ नी, People respect us only for two reasons: "Either we have power or our behavior is helpful." First one is temporari but second one is permanent.

यो ज़िन्दगी रहे सम्म सामाजिक सेवा मैं रहूँला, मेरो ज़िन्दगी रहे सम्म यहि समाजमा नै रमाउला, अजम्बरी रहोस् यो समाज, दुनिया सधैं निःस्वार्थ रहोस् भनेर सधैं सकारात्मक र उर्जावान हुने प्रोफ़ेसर डा. जोशी "समाज सेवामा निरंतरता र समावेशीता" लाई आफ्नो मूल, मानवीय र प्राकृतिक न्यायको सिद्धांत बमोजिम सबैले अगाड़ी बढ्नको लागि उपलब्धिमुलक हुनेछ भन्ने ठान्नु हुन्छ।प्राध्यापक डा. जोशी जहिले पनि यो समाज हाम्रो हो र हामी यही समाजका हौं भन्ने भावना बाट प्रेरित भैं सजकता साथ यसको संरक्षण, सर्वोत्तम हित र समुन्नतिका लागि सबैले आ-आफ्ना क्षेत्र बाट सार्वजनिक रुपमै सामाजिक सेवाको लागि हार्दिकता देखाउन जरुरी हुनेछ भनेर सकारात्मक दृष्टिकोण बाट संखनाद गर्नु हुन्छ। यस प्रकारका सोचमा हामीले पनि प्रेरित भएर यसलाई हृदयंगम गर्नु र दत्त चित्त हुन जरुरी महसुस गर्न आवश्यक हुनेछ भन्नेमा बिस्वास गर्न उचित हुन्छ भन्ने बिस्वास लागेको छ।अमेरिकी नेपाली समाजमा उहाँ र उहाँको परिवार समाजको रुपान्तरण र समाजका समस्यामा परेका मानिसहरुलाई आँफुले भ्याउने र सक्ने आर्थिक लगायतका बिभिन्न सहयोगहरु उपलब्ध गराउन निजी काम थाति राखेर भए पनि अगाडी बढ्नु उहाँ लगायत पुरै परिवारकै निःस्वार्थ जीवनको प्राकृतिक मान्यता नै हो।

बरिष्ट समाजसेबि प्रोफ़ेसर डा. जोशीको परिवार नेपाल, अमेरिका र अन्य देशमाहरुमा पनि बसेवास गर्नु हुन्छ।
आफ्नै व्यक्तिगत तर्फ बाट लाखौं अमेरिकी डलर भन्दा बढ़ी अर्थात् नेपाली रुपैया करोडौं धनराशि समाजका बिभिन्न आवस्यकिय क्षेत्रमा Donation (सहयोग) गरेर प्रोफ़ेसर डा. जोशीले सार्वजनिक सामाजिक सेवाका बिबिध पक्ष र सन्दर्भमा गर्नु भएका समग्र स्वदेशी एवं प्रवासी जीवनकालका ति संबेदनशिल सहयोगका क्षणहरु हामी र पुरै सिंगो समाजको लागि सधैं नै सम्झना योग्य, पथ प्रदर्शक साथै मार्गदर्शक र अबिस्मरणिय हुनेछन् भन्नेमा हामीले बिस्वास गर्न र यसलाई ख़्याल गर्न निकै नै नैतिक ज़िम्मेदारी हुनेछ भन्ने ठानेको छु।
यसर्थ पनि हाम्रो समाजका अग्रणी, विद्वान व्यक्तित्व एवं बरिष्ट समाजसेवी प्राध्यापक डा. तुलसी राम जोशी र उहाँको पुरै परिवारको उत्तरोत्तर प्रगतिको कामना गर्नु हाम्रो तर्फको एक असाधारण सम्मान मानिने छ भन्नेमा दुईमत नहोला भन्नेमा समेत पनि बिस्वास लागेको छ।
मानिसको जीवनलाई जन्म संगै सार्थकता दिने महत्वपूर्ण दुई भरोसा हुन्छन् भन्ने सबैको बिस्वास हो।ति हुन काँख र साथ भन्ने बुझिएको छ।भनिन्छ मातृभूमिले दिएको काख र साथले मात्र मानिसहरुको जन्मसिद्ध यात्रालाई उर्जावान बनाउने भएकाले यस प्रकारको सिद्धांतलाई डा. जोशीले सार्थकतामा अवतरण गराउनु भएको बस्तुगत पक्ष नै जीवन सफलताको एक प्रमुख र उपलब्धिमुलक उदाहरण हो भनेर हाम्रो समाजले सहजता पूर्वक आँकलन गर्न सक्नु पर्छ भन्ने मान्यता राख्न जरुरी हुनेछ भन्नेमा पनि म बिस्वास गर्दछु।
यसरी संक्षिप्तमा भन्नु पर्दा प्राध्यापक डा. तुलसीराम जोशीले मातृभूमिले दिएको काखलाई ईमानदार भएर इतिहासले सुनौलो अक्षरमा सजाउने गरि सहजता पूर्वक साथ दिएर आफ्नो जन्मभूमिलाई प्रतिबद्ध र सार्वजनिक साक्षात्कार प्रतिनिधिका रुपमा जोडबल गरेर प्रवासी नेपाली भएर सचेत रहदै कर्मभूमिको सेवा साथ-साथमा सकारात्मक दृष्टिकोण बाट जन्मभूमि प्रति ज़िम्मेदारी भएर आवश्यक परिवेशलाई मध्यवर्ती रुपमा सेवा प्रदान गर्न अठोट गर्दै आफ्नो नैतिक कर्तव्य सहितको व़ादा मुताबिक़ पूर्ण रुपमा जवाफदेही भएर सामाजिक सेवाको लागि सम्बंधित सबै प्रकारका सोचमा आधारित हुँदै कर्तव्य पुरा गरीसक्नु भएको र आफ्नो जीवकाल भरी नै यस प्रकारको भरोसामा रहि रहने अनि निश्चित अठोट भएको प्रतिनिधि पात्रको रुपमा उभिईरहने बचनलाई निर्धारित आवश्यकता अनुसार निस्चित र निरंतर गतिमा गतिशील रहेर समाजसेवी भावनालाई भावनात्मक मात्र नभएर यथोचित यथार्थका आधारभूत र गतिशील मान्यतामा अडिक भएर यस यात्रामा रहिरहने बिस्वासलाई प्राथमिकतामा राख्न भएको छ।हाम्रो समाजमा यसलाई मुक्तकंठले सहि अर्थमा हामी सम्पूर्णले सम्पूर्णतामा एउटा गौरवपूर्ण इतिहासका ज्वलन्त उदाहरणमा स्वीकार गर्न सक्नु पर्दछ।यसलाई हाम्रो साझा कर्तव्य र उहाँ प्रतिको असली सम्मान मानिने छ भन्नेमा दुईमत नहोला भन्ने बिस्वास गर्न पनि सकिन्छ।धन्यवाद, अस्तु।

लेखक ,खगेन्द्र अधिकारी संयुक्त राज्य अमेरिकामा एक स्थापित बरिष्ट सामाजिक अभियंता साथै उत्तर अमेरिकामा नेपालीहरुको "एक मात्र सबै भन्दा पहिलो र ठूलो राष्ट्रीय संस्था" Association of Nepalis in the Americas (ANA) का वर्तमान संरक्षक र निवर्तमान अध्यक्ष एवं यसका अतिरिक्त उहाँ अन्य विभिन्न सामाजिक संघ-संस्थाहरुमा समेत आबद्ध हुनुहुन्छ।

# चलन

## ज्वालाकुमारी कोइराला
कोलोराडो

फेरि कहिलै फर्केनन् बाबा आमाहरू,
हाम्रा आँखाका आँसुहरू जति सुकै बगाऊँ फर्केनन्
उनीहरू । सब थोक हाम्रो जिम्मामा छोडी गए,
कसरी हामी भनौं भगवान हामीलाई पनि लैजाऊ ।
हाम्रा लाला बालाका अधुरा सपना पूरा गर्ने अठोट लिएका छौं ।
जति सकेको कर्तव्य पूरा गर्नेछौं ।
जति सक्छौं बचाई राखी पनि दिनेछौं ।
यस्तै क्रम आउने जाने भई नै रहन्छ ।
सबै आˆनो प्रकृया पूरा गर्दै गरौं ।
सुख र दुःखमा कोही हुन्न सामेल ।
यस्तै रहेछ यहाँको चलन ।
कस्लाई आˆनो भनौं कस्लाई पराई
थाहा छैन मलाई कस्को सहयोग सम्झौ कस्लाई भुलाऊँ ।









# पुरातनको पिंजडा



**तारा अधिकारी**

बन्दी आफ्नै सोचको पिंजडामा
आफूलाई हराउशदै तोकिएको परिधिमा,
न त म बदलिन सकेँ,
न पिंजडा खोली उड्न
छट्पटाउँछु उकुसमुकुस भै,
उड्न खोजूँ पङ्ख टुट्ने
मौन बसूँ मुटु दुख्ने
न साहस न सामर्थ्य
उड्ने अभिलाषा अब रहर मात्र ।
रोइ कराई अनि फेरि मौन
पुरातनको जञ्जिरमा बाँधिएर
परिवर्तन अपरिहार्य
तर सुरुआतको विगुल फुक्ने कस्ले?

छटपटाई परिवर्तन खोज्दा,
सामाना गर्नु पर्ने बिरोधको,
भोग्नु पर्ने आलोचना र तिरस्कार
तर कस्ले चाल्ने पहिलो कदम ?
कस्ले खोल्ने परिवर्तनको द्वार ?
तेसैले आज पनि म मौन छु
र बन्दी छु आफ्नै सोचको पिंजडामा ।

# सानु



**पुष्पा खनाल**
इलाम
हाल: भर्जिनिया ।

दिन बनी परेलीमा, बस्न आउनू सानु
पिरतिको डोरी अझै, कस्न आउनू सानु ।

बिपना त सँधैभरि, तगारो नै बनिरह्यो
सपनामा विना डर, भेट्न आउनू सानु ।

पर्खिएकी हौली सायद, रहरहरू साँची
तिखाएको मनको प्यास, मेट्न आउनू सानु ।

डाह गर्छ दुनियाँले, दिनको बाटो हिँडे
अँधेरीमै मायाप्रेम, साट्न आउनू सानु ।

धन दौलत छैन केही, मात्र मनको धनी
अङ्गालो मै सारा जीवन, काट्न आउनू सानु ।

बिउँझेपछि अर्कै संसार, बन्छ अर्कै बाटो
निदरीमै प्रेम डोरी, बाट्न आउनू सानु ।

# हजार सारस कागजका



**गीता खत्री**
न्यूयोर्क

सन् २०१३ को जुलाईमा म जापानको यात्रामा थिएँ । धेरै ठाउँ घुम्ने र हेर्ने रहरमा हिरोसिमा पनि एउटा थियो । हिरोसिमाकै पार्क भित्र एउटा कुनामा ठीङ्ग उभिएको सारसको मूर्तिमा पुगियो । अचम्म लागेर ध्यानपूर्वक हेरेर यसको अर्थ बुझ्ने प्रयास गरें । जापानमा क्रेन (सारस) लाई पवित्र र रहस्यमयी चराको रूपमा हेरिने रहेछ । जापानी क्रेन र अमेरिकी एटम बम सम्बन्धी एउटा उत्कृष्ट कलालाई पनि यो पार्कमा समावेश गरिएको रहेछ । हिरोसिमा मेमोरियल पार्कमा गएपछि यो हेर्न कसैले पनि छुटाउँदैनन् । वरिपरि कागजैकागजले बनेका रंगीचंगी हजार क्रेनका लहरहरू छन् र बीचमा करिव तीस फिटजति अग्लो क्रेन (सारस) को मूर्ति ठड्याइएको छ । दुईवटा खुट्टा र लामो चुच्चोले जमिनमा टेकेको जस्तो देखिन्छ । सबैभन्दा माथि एउटा मान्छेले आफ्ना लामालामा हात दुबैतिर फैलाई धातुको क्रेनलाई टक्क अड्याएर राखेको छ ।

क्रेनको शरीरका दुईतिर दुई जना बालकहरू हात फैलाएर क्रेनको शरीरमै टाँसिएर रहेका मूर्तिहरू छन् । त्यो किन राखिएको हो मैले बुझ्न सकिनँ । चालकसँग सोध्नु पर्ला भनेर हामी अगाडि बढ्यौं । हामीलाई पनि सबै सिध्याउनु थियो । त्यसैले धेरै जोड गरेनौं । यसको मुन्तिर ठूलो घन्ट झुन्ड्याइएको छ । यो घन्ट पनि क्रेनजस्तै आकारमा बनाइएको रहेछ । आगन्तुकहरूले बजाउन सकून् भनेर लामो डोरी तलसम्म आइपुग्ने गरी झुन्ड्याइएको छ ।


यी कागजी क्रेनहरूको खातैखात, लहरैलहरभित्र त एटम बमसँग जोडिएको कथा पो रहेछ । कथा यस्तो थियो– एटम बम खसेको दिन यसको हाइपोसेन्टरबाट करिव डेढ माइलजति परको एउटा घरमा एउटी आमा र उनकी दुई वर्षकी छोरी मात्र थिए रे । ती बच्चीको नाम साडाको सासाकी रहेछ । बमको थर्काइले साडाको सासाकी भकुण्डो जस्तो गरी उफ्रिएर झ्यालबाट बाहिर उछिट्टिन पुगिछन् । उनकी आमाले अब छोरी मरिन् भन्ने सोचेर दौडेर बाहिर पुगिछन् तर ती बच्ची जिउँदै रहिछन् । करिव सात-आठ वर्षपछि उक्त बच्चीको घाँटीतिर, कानतिर सुन्निन थालेछ । त्यसपछि खुट्टाका ठाउँठाउँमा नीला-नीला दागहरू देखिन थालेछन् ।
डाक्टरहरूले के पत्ता लगाएछन् भने उनलाई ल्यूकेमिया भन्ने रोग लागेको रहेछ जुन रेडिएसनको एक्सपोजरबाट हुन्छ । शहरभरि अन्य धेरै केटाकेटीहरूमा ल्यूकेमिया देखिन थालिसकेको रहेछ रे । साडाको सासाकीलाई अस्पतालमा राखिएछ । उपचारबाट केही नहुने भएछ । अब सासाकी मर्छिन् भन्ने कुरा थाहा भयो रे । ती सानी बालिकालाई बाँच्ने निकै रहर रहेछ, नहुनु पनि किन र ! जीवन जिउँन कसलाई मन नपर्ला र ! सासाकीको मनमा के विश्वास रहेछ भने हजार कागजी क्रेनहरू बनाउन सकियो भने मान्छेले इच्छा गरेको कुरा पूरा हुन्छ । उनको इच्छा बाँच्ने थियो । त्यसैले उनले कागजका क्रेनहरु बनाउन सुरु गरिछन् । छ सय चौसट्ठीवटा क्रेन बनाउँदैमा उनको मृत्यु भएछ । त्यसपछि उनका स्कूलका साथीहरू मिलेर हजारवटा कागजी क्रेनहरू बनाइदिएछन् । हजार कागजी क्रेनको सन्देश के हो भने युद्ध नहोस्, संसारभरि शान्ति छाओस् । यसै सन्देशको संम्झनामा साडाको सासाकीको नाउँमा हजार कागजी क्रेनको स्थापना म्युजियममा गरिएको रहेछ । केटाकेटीको जीवन लामो समयसम्म बाँचिरहोस् भनेर क्रेनको दुबैतिर बच्चाको मूर्ति टाँसिएको रहेछ ।
अझै जापानमा हजार कागजी क्रेनको प्रथा निकै प्रचलित रहेछ । जापानीहरू आफ्नी छोरीको विवाहमा नयाँ दम्पतीको सुखशान्ति, दीर्घायु र उन्नतिप्रगतिका लागि तथा बच्चा जन्मँदा उसको दीर्घायु र उज्ज्वल भविष्यका लागि हजार कागजी क्रेनको उपहार दिने चलन अझै कायमै रहेछ ।
आफ्नो विश्वास न हो ! धूलिसात् भएको तिम्रो बाँच्ने इच्छाको सम्मानमा मेरा आँखा एक पटक फेरि भिजेका छन् प्रिय छोरी सासाकी !




We wish a grand success of the upcoming ANA Convention event in Denver, CO dated July 1 & 2, 2023

*Dr. Chooda Khanal*
*Ms. Sarita Khanal*
*Hrit Khanal*
*Hriman Khanal*

# सार्थक जीवन



**भरतराज जोशी**
कोलोराडो

सपनाको गीत कहिल्यै बिपनामा गाउँन पाइनँ,
जुन परिवेशमा बाँचिरहेछु कल्पना कहिल्यै गरिनँ,
भुल्न कोसिस गरे पनि अतीत कहिल्यै भुल्न सकिनँ,
माया विनाको जीवन थाहै नपाई त्यसै मरुभूमि भएछ

फुल्नै लागेका फूलहरूमा भविष्यको सुस्केरा बिसाएर,
रमाउने रहरमा सुस्काउदै सुस्काउदै आफैँलाई बिर्सिएछ,
फूलहरू फुलेपनि बास्ना नछरी त्यसै किन ओइलाई रहेछ,
फूलको माला लगाउने रहर अझै किन आशामा बाँचिरहेछ

हो मायाको अँगालोमा बाँधिने रहर अझै जीवित छ,
तर जीवन बहाव विनाको खोलाको बगर भई रहेछ,
थाहै नपाई यो मन कता हो कता त्यसै किन हराई रहेछ,
आँसुभित्र मन बिसाएर मनले व्यथा पखालिरहेछ

माया कस्तो हुँदो रहेछ बाटो हिँड्दा आफैलाई बिर्सिएछ,
बाटो खोज्दै हिँड्दा कति घुम्ती पार भए गन्नै बिर्सिएछ,
दोभानहरूमा अल्मलिए पनि गन्तव्यको खोजी अझै छ,
जीवनको यात्रा कहाँ टुङ्गिन्छ  प्रयत्न अझै जारी छ

सार्थक जीवन जिउने रहर गर्नेले,
विगतलाई बिना पश्चात्ताप स्वीकार,
वर्तमानलाई आत्मबल सहित समाल,
भविष्य प्रति कहिल्यै डर त्रास न पाल






# बुद्धिजीवी बन्ने नशा !

बौद्धिक काम गरेर जीविका चलाउनेलाई बुद्धिजीवी भनिन्छ भन्ने कुरोको चुरो त मलाई पनि नफुर्या होइन ! जेहोस् देश अनुसारका भेष भन्या जस्तै ! अरूका देशाँ झैं हाम्रा देशाँ पनि बुद्धिजीवीका ढेर छन् भन्ने सुनेकै भए नि मेरो साइत देरले जुरेकैले ती कति र ाष्ट्रवादी ? कति विकासवादी ? कति निकाशवादी ? हुन् र के के वादीका आदि हुन् भन्ने कुरोको चुरो हो कि गोरुको जुरो हो ? या हात्तीको मुखाँ जिरो हो ! जे होस् कुरोको भेउ र ढुङ्गाको लेउ खुटयाउन मलाई पनि निकै हम्मे-हम्मे पर्यो वा !

प्रकृतिको छटाले छट्पटाएको जङ्गलाँ मौलाएको बनमारा लहराले बनैको नास, आ̂नो राज, सुकुम्बासीको बास बुद्धिजीवीको ह्रास बनाउँछ कि भन्ने डर भए पनि बुद्धिजीवीको प्रकार र भागबण्डा दरकार त खुट्याउने कुरै भएन ।

हाम्रा मुलुकाँ पनि बुद्धिजीवीका ढेर लाग्दै छन् रे भन्ने सुनेकै भराँ देरै नगरी मेरा दिमागाँ सुटुक्क बुद्धिजीवी कीरा, जीरा रूपाँ प्रवेश गर्यो । त्यो जीरो हरियो घाँसा किरो हो कि सुक्या जङ्गला मङ्गल हो भन्ने कुरा भेउ त सायदै सात सुमुन्द्र वारि र पारिबाट चल्ने बे मौसमी हावाको वहार या रुखैको लहरसम्मलाई जम्मा गर्दा पनि फुर्ला नफुर्ला खै ?

जे होस् त्यो ढेराँ किन बेर लाउने भन्ने चिन्ताले मलाई चितासम्म पुर्याउन नपाउँदै म हाम्रा गाउँका सुप्रसिद्ध गुरु गुरुप्रसाद गुर्धामीका घरैतिर सबेरै धरापिएँ ।

म पनि के कम हुस्स ढाडिएको गोबर फुल्दा झैं हवास्स गोवरको दुर्गन्ध आम्दा भागेको मन पारिसम्म पुऱ्याएँ जहाँबाट गुरु गुर्धामीले एक टङ्कारले मेरा फुल्या घोकाँ झोकाइ- झोकाइ होकराउँदै भने- "ए चीजे कान्छा लालझण्डी, तँ त पुरै बुद्धिजीवीका हण्डी झैं घोक्रो फुलाएर ब्राण्डी जस्तो पो भएको छस् नि वा ! हैन के भो हँ तँलाई ?"

मैले पनि भित्र भित्रै खुसी हुँदै सोचैं- गुरुको पनि घैटाँ घाम लागे छ । मेरा हड्डी पनि ताता भए र म प्रफुल्ल हुँदै भनैं- "तपाइ ̒को सोच, तपाईंको खोज सोरै आना मिल्यो गुरुदेव ! म पनि त्यही बुद्धिजीवीको रन्कोले यहाँसम्म फन्को मार्दै आएको । गुरु मलाइ ̒ पनि मेरा मित चीज कुमार राउतका झैं डाउट बनाइ दिनुहोस् त !"

गुरुले मुसुक्क मुस्काउँदै प्रश्न तेर्स्याए- "तिमी कस्तो बुद्धिजीवी बन्न चाहन्छौ त चीजे कान्छा- लालझन्डी ? भाषावादी ? र ाजावादी ? खाओवादी ? काङ्ग्रेसवादी ? एमाले वादी ? तराइवादी ? पहाडवादी ? चुरेवादी ? विदेशवादी हँ ? यहाँ त बुद्धिजीवी ढेर का ढेर छन् चीजे ! मैले सिकाएपछि खेर जान दिन्न नि कान्छा ?"

मैले एकहलको मेलो हाँस्दै भनैं- "हस् गुरु म लाग्छु खुरु-खुरु । पहिला यहाँ बुद्धिजीवी बन्ने तरिका मात्रै त सिकाइ दिनुहोस् न, बाँकिका प्रकार त दरकार अनुसार बन्दै जाउँला हुन्न र ?" मेरो



सर्वज्ञ वाग्ले ,क्यालिफोर्निया

कुरा सुनेर गुरु गुरुप्रसाद गुर्धामी त जुरुक्क ऊठी फुरूक्क भै मै थिम आई मेरो ढाडै बङ्ग्याउँला झैं डयाम्म-डयाम्म हान्दै भने- "तिम्रो बुद्धिजीवी बन्ने जिवाणुको प्रवेश पारिबाट आयातीत वेसर मको बिषालु फूल जस्तो रुख्खा सुक्खा बन्जड बारीआँ पनि बे मौसमी हावाले फक्रिने फूलको सिङ्गो बिहार हो कि वहार के भन्छन् खै ? हो, त्यसैको पहिल्यैदेखि नै पहाड बनी अटल र अमर तथा अडिक जडवत् महाभारत पो रहेछ । ल भन, तिम्रो दैनिकी कसरी बित्छ आजकाल ?"

मैले हात जोडेर भनैं- "गुरु, म बिहानै उठेर नित्यकर्म पछि हल्का व्यायाम गर्छु । नुहाई धुवाई गरेर पूजाआजा गर्छु । दैनिक चार घण्टा प्राणायम पछि पढ्ने काम गर्छु । बाबा-आमा, बैनी तथा चे लीका चरणमा शिर स्पर्श गराउँछु । म त ज्ञानी पनि छु, गुरु आ̂नो संस्काराँ निरन्तर लागि रहने । अनि बिहान एक गिलास र बेलुका एक गिलास दूध पिउँछु र फलफूल खान्छु ! तर माछा, मासु र मदिराको त सङ्गतै गर्दिनँ गुरु ।"

"लौ अब तिमीले केही भन्नै परेन । तिमीले यही मूर्खता गरेको रहे छौ । पढ्ने लेख्ने काम त मूर्खले गर्छन् यहाँ, त्यो आजैदेखि बन्द गर ! हैन यहाँ पढ्ने लेख्ने मान्छे को ठूलो भएको छ हँ ? सटि ̒फिकेट किन्ने जमाना हो यो ! पढ्ने जमाना होइन ! पढ्ने मान्छे कसले पैसा कमाएका छन् यहाँ, हँ ? दुबइ ̒ कतार र साउदीमा सक्कली सर्टिफिकेट बेचिएका छन् ! मन्त्रालय, पुलिस र प्रशासनमा सर्टिफिकेट छानविन ठ्याक्कै रोकिएका छन् ! आजैका मितिदेखि मसल बनाऊ, त्यो दूध त गोठालोले पिउने हो ! कि त बाच्छा बाच्छीले पिउँछन् ! कि त बुढाखाडाले, कि भने के टाकेटीले । तिमी त आजैका मितिदेखि बुद्धिजीवी घोषणा भयौ ! लु जाऊ !...."

मैले बिचैमा कुरा काटेर भनैं- "हैन गुरु ! यो दुधले त स्वास्थ्यलाइ ̒ लाभ गराउँदैन र ?" गुरुले जङ्गिंदै भने - चिया खाऊ । आजैदेखि

बीस, तीस कप दिन भरिमा खायौ भने प्रत्येक एक कपमा पाँच ग्राम दूधका दरले एकसय पचास ग्राम हुन्न ? झन बढी भएन र दुई गिलास भन्दा ? कुरोको चुरो यसरी पो समात्ने हो त लाटा ।" मैले पनि खुसी हुँदै भनेँ- "हो गुरु, हो । मैले हजुरलाई मानेँ गुरुदेव मानेँ !"

"यहाँ सुन ।" गुरुले थपे- "भरेदेखिनै यस्सो ठर्राबाट शुरु गर ! दारु र पारुको बन्दोबस्त गरिहाल ! अनि नडराईकन टोल हुँदै गाउँ, गाउँ हुँदै क्षेत्र र क्षेत्रबाट जिल्ला, जिल्लाबाट राष्ट्र र अन्तरा ष्ट्रको छवि बनेन ? अँ गाउँ र टोलका मसलदार साथी भाइलाइ आ^नो जत्था र जमातमा तिमी जता जान्छौ त्यतै बटालबटुल पार र संयोजक बनाउँदै जाऊ ! अनि तिमीले तिम्रो हुलिया पनि बदल ! दारी, कपाल आजैदेखि लामो बनाउन थाल ! कुर्ता- सुरुवाल लगाउन थाल ! बिस्तारै कोट टोपी, चस्मा थप्दै जाऊ ! काँधमा एउटा झोला भिर । झोलाभरि गाउँखाने कथा, यौनका सत्य कथा, पुराना तथा नयाँ स्वदेशी तथा विदेशी पत्रपत्रिका र तीन चार वटा अलग अलग रङ्गका कलम भने बाहिरै देखाएर भिर नि ! दश, बीस जना ठूला बडा गुण्डाका नाम कण्ठ बनाऊ । जब कुनै कुरा गर्न सुरु गर्छौ तिनीहरूकै नामबाट महान् व्यक्तित्वका महान्वाणी, महान् ग्रन्थ, महान् आत्मा भन्दै कुरो शुरू गर !"

मैले बीचैमा गुरुका कुरा काटेर भनेँ- गुरु यो त सरासर धोका हो नि ! नभएका कुरा गर्दा पाप लाग्दैन र गुरुदेव ?" गुरु फेरि जङ्गिएर भनेँ- "यहाँ जसले जति धेरै पाप गर्छ ! जसले जति धेरै पाप बोल्छ ! जसले जति धेरै धोका- धडी गर्छ ! जसले जति धेरै टुक्राउने, फुटाउने र विध्वंसको कुरा गर्छ ! त्यो त्यति ठूलो मान्छे हुन्छ ! त्यसको हाइट त्यति धेरै बढ्दै जान्छ । त्यो त्यति धेरै ख्याती प्राप्त बिद्वान्, राजनीतिज्ञ, कुटनीतिज्ञ र प्राज्ञ बन्दै जान्छ भन्ने तिमीले बुझेका छैनौ ? बिद्वान्, राजनीतिज्ञ, प्राज्ञ भनेका एउटा सिक्काका दुई पाटा र जति धेरै प्रकार भए त्यति धेरै किनार बन्दै जान्छन् । तिम्रा मृदुभाषी शब्दका बाणले खोलाको पानी धमिलो बनाई माझीले माछा मार्न सजिलो बनाउँदा झैं तिम्रा शब्दका वाणले तोडफोड गराउने, टुक्राउने ध्वंश गर्ने हान्ने-मानेलाई प्रश्रय गराउन जति सक्यौ त्यति ठूलो बुद्धिजीवी हुन्छौ ! ल, आजदेखि तिमी पनि चिजे कान्छा लालझण्डी होइनौ । ठुलावडा बुद्धिजीवीले केपी, जिपी, टिपी, बीपी र एनपी राख्या जस्तै तिम्रो नाम पनि छोटकरी बनाउँदा के हुन्छ ? त्यही राख ! फेरि गुरुले एकै छिन घोत्लिँदै भने- "अँ तिम्रो नामको अन्तिम अक्षरको झन्डी पनि काट । नाम भने सक्दो छोटो र मिठो बनाऊ नि, है ? भने पछि तिमीले कुरा बुझ्यौ हैन ?"

मैले पनि खुसी हुँदै जवाफ दिएँ- "हजुर, हस् गुरुदेव, मैले सबैकुरा बुझेँ ।" यसो भन्दै झण्डी काट्ने, आ^नै नाम, काम, घर, आँगन, दलान र सिरान समेत मास्ने र सबै कुरा नयाँबाट सुरु गर्ने दौरानमा दौरा सुरुवाल सिलाई मेरा मित चीजकुमार राउताका डाउट कुरा सुन्न बाटो लाग्दो भएँ । आजकल त मेरा मितले पनि छोटकरीमा नामाकरण गर्दा निकै चर्चित बन्न पुगेछन् भन्ने घोइरो घोइरो सुनेकै थिएँ । मेरै गुरुको सिकोले त उनका नाम बिक्यो नि । म पनि के कम ? हैन र ?






# लुटेरा

**चन्द्र मोहन अधिकारी**
कोलोराडो

अरुको पकेट छाम छुम छुम गर्दै हिड्छ ।
कसैको केही पायो कि टपक्क टिपिहाल्छ ॥

लुटलाट छलछामले भएको संकलनले धनाड्य भएको सम्झन्छ ।
अर्कैको धनले भए पनि ऐयासी र घुमन्ते जीवन रोज्छ ॥

दुई चार जना कुरा गर्दै गरेको देख्दैमा आˆनै कुरा गऱ्या सम्झेर झस्कन्छ ।
दश बीस जना जम्मा देख्दा बाटो छलेर भाग्छ ॥

प्रहरी बाटोमा बसेकै देखे पनि आँफैलाई समात्ने हो कि ठान्छ ।
आफुले लुटलाट गरेको कोही देखे परैबाट बाटो छली भाग्छ ॥

धनको थुप्रो साथ भए पनि सदा लज्जावोधले दविनु असह्य हुन्छ ।
हरेक दिन ज्यूँदै मृत्युको अनुभूति भन्दा पसिना कै कमाइ ठीक हुन्छ ॥

एक समयको रत्नाकर डाँकुको पनि सम्झना आउँछ, उसलाई ।
आफुले गरेको सबै लुटलाट र छलछामको सम्झनाले आत्माग्लानी हुन्छ, उसलाई ॥

नयाँ जीवन जिउने मनले लुटेका सब धन एक एक गरी फर्काउन कम्मर कस्छ ऊ ।
तर कठै उसका माता पिताको अवरोधले अकमकिन्छ ऊ ॥

नयाँ लुट त्यागे पनि पुराना लुटको बोझले थिचिइरहन्छ ऊ ।
लुटिएका कोही बाटोमा देखिए मुख लुकाई भाग्न विवश भइरहन्छ ऊ ॥

WE WISH A GRAND SUCCESS OF THE UPCOMING ANA CONVENTION EVENT IN DENVER, CO DATED JULY 1 & 2, 2023

*Dr. Hari Sharma*
*Mrs. Indira Sharma*
*North Carolina*



# डायरीको पाना

**गङगा अभिलाषी**

कोलोराडो

२०७९/११/२० गते शनिवार- यो दिन म बिहान पख मस्तले निदाई रहेकी थिएँ । फेसबुक मेसेञ्जर घण्टी किरिङ किरिङ बज्यो । काखमा नै मुवाईल भएकोले कस्को रहेछ भनेर नाम मात्र जान्न चाहेँ । घडी हेरेँ, ६:०० बजेको रहेछ । शरीर फुरुङ्ग नभएकोले बोल्न सकिनँ । त्यो दिन ८:०० बजे बल्ल निन्द्रा देवीले छोडिन् । जुरुक्क उठ्ने बित्तिकै छिमकी भैरहवा बहूमुखी क्याम्पसमा कार्यरत राधा ज्ञवाली मेडमको झलक्क याद आयो -उहाँको पनि आफन्तहरू अमेरिका हुनुहुन्छ नि ! कुनै समय भनेको । सदा झैं उठ्ने बित्तिकै थाईराईडको दवाई खाएँ । हतार हतार हातमुख धोएँ । बा-आमाको तस्बिरमा दर्शन गरेँ । मुबाईल चलाएँ । फेसबुक मेसेञ्जर हेरेँ । मलाई बिहान फोन गर्नुभएको पाल्पाली सर कृषिमा सरकारी जागिर खानुभएको आदरणीय वरिष्ठ ८५ बर्षीय स्रस्टा शालग्राम अधिकारीज्युको मेसेज देखेँ । एभिबकभ अबिि mभ। नेपालमा यतिखेर ९:०० बजिसक्यो होला । खै फोन गरौँ कि नगरौँ । दोमन हुँदै फोन गरेँ फोन उठेन । अनि एक्कै छिनमा उतैबाट फोन आयो । खुशी हुँदै बोलेँ । उतैबाट फरर बोलीको लाभा फुट्यो ।' अँ म पनि तपाइँ कै अमेरिका एटलान्टामा आएको छु। ५६ दिन भयो । तपाईंले मेरो जन्मदिनमा सधैं फोन गर्नुहुन्छ, खुशी लाग्छ । त्यसैले तपाईंलाई मैले पनि सम्झेको,' भनेपछि आहा ! खुशी लाग्यो मात्र भन्न पाएँ । बाँकी कुरा उतैबाट सुनिरहेँ । आज हामी यहाँ चारपुस्ता एकै ठाउँ भेला भएछौँ । छोराको छोरा बुहारीले बोलाएर आएको । यतै आएर जन्मेको पनातिसँग भेट भयो । अत्यन्तै खुशीको फोहरा फुरिरह्यो । म पनि छोरा बुहारीसँग आएको । दुईचार महिना बस्ने हो भन्दै अनि "तपाईं कहिले नेपाल फर्किनुहुन्छ ? सोध्नुभयो । समयले जहिले साथ दिन्छ भनेँ । ए, ल ठिक छ, अब दुई चारदिनमा हामी जोर्जिया घुम्न जाँदैछौँ । खुशी व्यक्त गर्नु भन्नुभयो । अनि 'तपाईं को सँग हुनुहुन्छ ?' सोध्नु भयो । छोरी ज्वाई सँग भनेँ । ल, सबैलाई मेरो आशिर्वाद सुनाई दिनुहोला भन्नु भयो । अनि मैले पनि शुभ यात्रा, सुस्वास्थ्य दिर्घायूको कामना परिवारजनमा नमस्कार शुभेच्छा प्रकट गरेँ । फोन वार्ता सकियो । अन्तमा, मेरो मनले मन मनै भन्यो-उठ्ने बित्तिकै राधा मेडमको आफन्त अमेरिका हुनुहुन्छ सम्झेको, अमेरिका घुम्न आउनु भएको उहाँ कै मामाले आएकै दुईचार दिनमा मलाई फोन गर्नु भयो । कस्तो संयोग है ! आफैँ अचम्म भएँ । वरिष्ठ स्रस्टा अधिकारीज्युका कृषि सम्बन्धी र साहित्यतर्फ संस्मरण अन्य रचनाहरू लगभग एक दर्जन जति कृतिहरू प्रकाशित भएकाछन् । उहाँ सँग म यस्तै ६÷७ बर्ष अगाडि पाल्पाको साहित्यिक गोष्ठीमा परिचित भएकी थिएँ । अर्काे रमाईलो कुरा के छ भन्दा भैरहवा मेरो घर छेउकै छिमेकी राधा मेडमको मामा भएर पनि हामी झन नजिक भएका थियौँ । उहाँ आफ्नो छोरी, भाञ्जीको घर भैरहवा आउँदा हामी सहिर्दय भेट गथ्यौँ । आज उहाँ अमेरिका आउँदा मलाई फोन गर्दा अत्यन्तै खुशी लाग्यो । आदरणीय वरिष्ठ स्रष्टा शालग्राम अधिकारीज्युलाई सहृदय धन्यवाद ।



# नेपाल हाम्रो घर

**-सम्झना आचार्य**
कोलोराडो ,अमेरिका

राम्रा यी बनजङ्गलै तरु तथा सेता हिमालैहरू
टल्कन्छन् हिमशैल स्वर्ण सरीझैं देखिन्छ आभा अरू
नाना संस्कृति पर्वले धनी अझै कमि यहाँ के छ र !
सानो देश छ बिश्वमै सुरसिलो, नेपाल हाम्रो घर ॥

हाम्रै राष्ट्रभरि विविध थरिका शिक्षा कला कौशल
गौंडा गढीहरू प्रशस्त  पनि छन् पानी चिसो शितल
हाम्रै देश महान विश्व भरमै नौलो अहो ! सुन्दर
सानो देश छ बिश्वमै सुरसिलो, नेपाल हाम्रो घर ॥

हामीमा अझ मानवी पन ठूलो यो बुद्धको देश हो
चाहन्छौं पनि शान्ति हामी सबले नेपाली जाति अहो !
दौरा, सुरुवाल र चोली फरिया पोसाक यो सुन्दर
सानो देश छ बिश्वमै सुरसिलो, नेपाल हाम्रो घर ॥

हाम्रो राष्ट्र रमाइलो छ बहुतै गुम्बा र देवस्थल
धौता, देवी, नदी पबित्र अतिनै असंख्य तिर्थस्थल
खाद्यान्नहरू फ़ल्दछन् अझ कति माटो छ हो ! उर्वर
सानो देश छ बिश्वमै सुरसिलो, नेपाल हाम्रो घर ॥

सम्पूर्ण  जनता प्रशन्न दिलले बस्दा नेपालतिर
मान्दै चाडहरू रमेर खुशी भै उचिन्छ हाम्रो शिर
हामीमात्र विदेशभित्र रहने बस्छौं पराइ घर
सानो देश छ बिश्वमै सुरसिलो, नेपाल हाम्रो घर ॥

**We are proud to support the ANA Over the years and will continue to do so. We wish a grand success of the upcoming ANA Convention event in Denver, CO dated July 1 & 2, 2023**

***Dr. Shambhu Dhungana***
***Mrs. Josephina Olarita***
***California***



# कौवालाई बेल पाक्यो हर्ष न बिस्मात


श्रीराम लुइटेल

इरी, कोलोराडो ।


का का कौवा बेल पाक्यो रे भन्छन्
न हर्ष न बिस्मात यो जित्यो रे भन्छन्
कोही भन्छन् यो राज्यमा राता टाउके आयो
कोही भन्छन् त्यो राज्यमा सेता टाउकेले पायो ।

राता टाउके, सेता टाउके जल्ले जिते पनि
गरी खान्या हामीलाई, उस्तै उस्तै हो नि
राता टाउकेहरू भन्छन्, धाँधली भो अरे
सेता टाउकेहरू भन्छन्, हामी जित्छौं भरे ।

राजनीति जहाँ पनि, रैछ फोहोरी खेल
नेता नेता बाझ्झेझँ, जनतालाई झेल
एउटै कुरा यो पार्टीलाई धेरै राम्रो लाग्ने
त्यही कुरा त्यो पार्टीलाई, खत्तमै भै जाग्ने ।

दिनका दिन पैसा माग्छन, डोनेसन भनेर
कैले एसले देश सक्यो, गर हेल्प भनेर
पायो भने इमेल तिम्रो, साखा सन्तान लाग्छन्
एकै दिनमा १५ देखि ३० चोटी माग्छन् ।

तेसै भएर म त हेर बस्छु मौन भई
भोट हाल्न पनि आफू खुसुक्क गई
न कसैको सपोर्ट गर्छु, न बिरोध गर्छु
आˆनै काम बरू, लुटु पुटु गर्छु ।

जल्ले जिते पनि यहाँ, म त उफ्रिन्न
हारे पनि एउटा हार्छ, मन छैन खिन्न
यै राजनीतिको कारण, न हौं छिन्न भिन्न
रूखभरि बेल पाक्छ, कौवालाई हुन्न ।

WE WISH A GRAND SUCCESS OF THE UPCOMING ANA CONVENTION EVENT IN DENVER, CO DATED JULY 1 & 2, 2023

***Dr. Khagendra Adhikari***
***Mrs. Maya Sharma***
***Dr. Rishav Adhikari***
***Washington DC***



# आध्यात्मिक विज्ञान




## डा. चूडामणि खनाल

महासचिव, ए.एन.ए.



बिज्ञान र अध्यात्म के साच्चै नै बिपरित ध्रुबका हुन् या एक अर्काका परिपुरक हुन् अथवा समपुरक हुन्? बिज्ञान र अध्यात्मका समानान्तर पक्ष पनि छन्, अथवा छन् भने के के छन्? यो संसारिक जीवन साँच्चै नै तनावपुर्ण छ? भौतिक बिकाश र त्यसले दिएका सुख-सुबिधाले कहाँ सम्म दिगो शान्ती ल्याउन सक्छ? अन्तिम सत्य के हो? शान्ति खोजीको सिमा कहाँ सम्म हो?

ए.एन.ए. ले विगत चार दशकदेखि हरेक बर्ष जुलाई ४ को सप्ताहन्तमा उत्तर अमेरिकाको विभिन्न सहरहरू मध्ये एक छनौट गरी ए.एन.ए. सम्मेलन गर्दैआएको छ । जसलाई नेपालीहरूको कुम्भ मेलाको संज्ञा पनि दिने गरिन्छ । ए.एन.ए. ले नेपालीहरूबीच समन्वय गरी यो क्षेत्रमा नेपाली भाषा, कला, संस्कृति, सामाजिक एवं भौगोलिक पहिचान कायम राखी त्यसको प्रवर्धन र विकास गर्न विभिन्न कार्यक्रमहरू प्रस्तुत गरिरहेको विदितै छ । वैदिक सनातन एवं पूर्वीय दर्शन अनि सम्पदा पनि नेपालको एक प्रमुख पहिचान हो । ए.एन.ए. ले यस वर्षदेखि ॐ असतोःमा सद्‌गमयको मूल मन्त्रलाई आत्मसाथ गर्दै अध्यात्मभित्र विज्ञान अर्थात विज्ञानभित्रको अध्यात्मको खोजी गर्ने कार्यक्रमको थालनी गरेको छ ।

ए.एन.ए. महासचिवको हैसियतले म डा.चूडामणि खनाल आफैँले सञ्चालन गर्ने यो कार्यक्रममा भौतिक विज्ञान तथा अध्यात्म दुबै क्षेत्रका विज्ञहरूलाई निम्ता गरी अन्तरक्रिया गर्ने गरिन्छ । मुलतः पूर्वीय दर्शनमा केन्द्रित रही वैज्ञानिक सम्बन्धको निक्र्यौल गर्न खोजे तापनि पाश्चात्य दर्शनसँगको अन्तरसम्बन्ध पनि खोजी गरिन्छ । पाश्चात्य वैज्ञानिक विधिले जटिल घटनालाई स-साना भागहरूमा टुक्र्याउने र तिनीहरूलाई अलग-अलग विश्लेषण गर्ने प्रवृति राख्छ भने अर्कोतर्फ, पूर्वीय ध्यान विधिहरूले वस्तुहरूको अन्तरसम्बन्धलाई जोड दिन्छ र अनुभवका विभिन्न पक्षहरूलाई संश्लेषित गर्न खोज्छ ।

इ-नेप्लिजको फेसबुक पेजमार्फत प्रसारित यो कार्यक्रमको पहिलो प्रस्तुति मे ७, २०२३ मा भएको थियो । सो कार्यक्रममा अर्थशास्त्री तथा वैदिक ज्योतिष डा. गान्धी भट्टराई र खगोल वैज्ञानिक तथा अनुसन्धानकर्ता डा. गोपाल भट्टले आ-आफ्नो प्रस्तुति दिनुभएको थियो । वैदिक सनातन दर्शनअनुसार ब्रह्माको जीवन चक्रको समय अहिलेका बैज्ञानिकहरूले पत्ता लगाएको बिग ब्याङ् तथा ब्रम्हाण्डको उत्पत्तिसँग सार मिल्न जान्छ भन्ने कुरा डा. भट्टले बताउनुभयो ।

वैदिक सनातन दर्शनमा उल्लेख भएअनुसार करिव ४३ लाख मानव वर्षको १ महायुग हुन्छ । ७१ महायुगको १ मनावंतारा, १४ मनावंताराको १ कल्प, १ कल्प भनेको ब्रह्माको एक दिन । २ कल्प अर्थात् दिन र रात गरी १ अहोत्रम् अर्थात् ब्रह्माको एक पूर्ण दिन । ३६० अहोरत्रमको १ ब्रह्म बर्ष र १०० ब्रह्म बर्षको एक ब्रह्म जीवन चक्र । आधुनिक विज्ञानले पत्ता लगाएका भौतिक यथार्थहरू वैदिक दर्शनमा ऋषि मुनिहरूले धेरै अघि नै उल्लेख गरेका थिए । ब्रह्माण्डीय यात्रा, ग्रह, नक्षत्र, तारामण्डलहरूको गति आदि धेरै अगाडि उल्लेखित थियो । ठीक अङ्कगणितमा भने केही हेर फेर पाइन्छ । परापूर्व कालमा एक पुस्ताबाट दोश्रो पुस्तामा ज्ञानको स्थानन्तरण गर्ने कुनै हस्तलिखित श्रोत एवं साधन थिएन । केवल श्रवण र ध्यानका भरमा गुरूबाट चेलाले शिक्षा लिनु पर्दथ्यो । सायद त्यही ज्ञान रुपान्तरणका क्रममा अपभ्रंश हुँदै जाँदा अङ्कगणितमा हेरफेर भएको हुन सक्छ तर भावार्थ भने एउटै छ ।




यसैगरी डा. गान्धी भट्टराईका अनुसार अध्यात्म अर्थात् अधि + आत्मा (परम + आत्मा) जसको अर्थ हुन्छ आत्मालाई ब्रह्माण्डको केन्द्रमा राख्नु । ब्रह्माण्ड आफैमा एक जीवन चक्र हो । हामी मानव आफ्नो पूर्व निर्धारित भूमिका निर्वाह गरिरहेका छौं । अध्यात्मिक हुनु र धार्मिक हुनु दुई भिन्न कुरा

हुन्, यद्धपि केही धार्मिक र दार्शनिक अभ्यास, विश्वास र भक्तिले प्रेरित हुन्छन् । सनातन धर्म आध्यमिक विज्ञानको पूर्ण ज्ञान भण्डार हो । अध्यात्मले तपाईंको दिमागलाई केन्द्रित गर्न, रचनात्मकता बढाउन, सहानुभूति ल्याउन, धीरज बढाउन मद्दत गर्दछ अनि तपाईंको लक्ष्यहरू जे सुकै भएता पनि तपाईंलाई सही मार्गदर्शन गराउँदछ । प्राचीन ग्रन्थ वेद नै मूल ज्ञान ग्रन्थ हो भन्ने कुरा इतिहासले प्रमाणित गरिसकेको छ । स्वस्थानी व्रतकथामा उल्लेखित दक्ष प्रजापति र गणेशको ब्याख्या आधुनिक चिकित्सा सर्जरीले पनि आजका मितिसम्म दिन सकेको छैन । धन्वन्तरी र विश्वकर्मा- चिकित्सा र इञ्जिनियरिङ क्षेत्रका चमत्कारी व्यक्ति हुन् । पुष्पक विमान अहिलेको निजी जेट विमान, शिखण्डी लिङ्ग परिवर्तनको उदाहरण हुन् । आदिकालमा जुन विकास थियो त्यहाँसम्म पुग्न आधुनिक विकासले अझै धेरै फड्को मार्न बाँकी छ । त्यसै गरी पछिल्लो समय वैदिक ज्ञानको अभ्यासमा कमि आएका कारणहरू पनि डा. भट्टराईले उल्लेख गर्नुभयो जस मध्ये सामाजिक-आर्थिक परिवर्तन, भू-राजनीतिक प्रभाव, चेतन शक्तिमा ह्रास, मानवताको अवमुल्यन, आत्म-ज्ञान र आत्म-सम्मानमा कमि, वेदभित्रको विज्ञानको ज्ञानमा आत्मविश्वास नहुनु आदि ।

सभ्यता आउँछ र जान्छ, समयसँगै ज्ञान प्रवर्धन हुँदै जान्छ, समय चक्र चलिरहन्छ । मानव जगतमा दीर्घ शान्तिको लागि अध्यात्म अत्यन्तै जरुरी छ र त्यो नै आधुनिक विज्ञान हो ।

यसैगरी मे २१, २०२३ मा बौद्ध दर्शन विज्ञ श्री पशुपति घिमिरेज्युसँग साक्षात्कार गर्ने अवसर मिल्यो । जहाँ विज्ञान र अध्यात्मको आलोकमा बौद्ध दर्शनबारे भलाकुसारी भयो । अनि जुन ११, २०२३ मा त्रि. वि. सह-प्राध्यापक डा. डमरु चन्द्र भट्टसँगको कार्यक्रम रहयो । यी कार्यक्रमहरूको पूर्ण रेकर्डिङ्ग ए.एन.ए. को युट्युब च्यानलमा https://www.youtube.com/@anaonline मा हेर्न सकिन्छ ।

# देशको खेती

**डा. खगेन्द्र दाहाल**
नेब्रास्का, अमेरिका

देश भनेको पनि खेतको गह्रा जस्तै हो
जसको वरिपरि हुन्छ
खेतको जस्तै आली ।
त्यसलाई बलियो बनाउन चपरी थप्नुपर्छ
कहिले फरुवाले तास्नुपर्छ,
छेउ कुना मिलाउनुपर्छ ।

माटो मलिलो भए
बिउ राम्रो पाए
पौष्टिक मल हाले न
तयार हुन्छ उर्वर जमिन,
अनि बन्छ, बिउ रोप्न मिलेको माटो ।
खादको खोजीमा घण्टौँ भौँतारिएर,
कसरी तयार हुन्थ्यो देशको माटो ?

सबै फसल मात्रै हुँदैनन् खेतमा,
ऋनेक थरि झार पनि हुन्छन् ।
अैंजेरु पनि पलाउन सक्छन्
गोडमेल गरिरहनुपर्छ यी जङ्गली झार ।
औषधीनै पनि चाहिन सक्छ,
बाली खाने किराबाट जोगाउन,
बाँदर र जङ्गली जनावरबाट जोगाउन
थाल पनि ठटाउनुपर्ने हुन्छ,
चराहरू धपाउन बुख्याँ चास पनि ठड्याउनुपर्छ ।

त्यति गरेपछि बल्ल लाग्छ
सपनाको फूल,
अनि तिनै फूलबाट फल्छन्
लटरम्म फलहरू समृद्धिको
कसैको आँखा नलागे
कुनै कौवाले नखाए
यिनै फलहरू हुने न हुन् ठूला
अनि पाक्ने हुन्
राता पहेँला रङ्गमा ।

अझै ढुक्क भने हुन सकिन्न,
लाग्न सक्छन् छरछिमेकीका आँखा
रातबिरात आउन सक्छन्
चोर र डाका
चौकन्न रहनुपर्छ चौबिसै घण्टा
कटबाँसका लौरो बोकेर ।

यति हुँदा पनि
लाग्छ भन्ने हुन्न
सुखको मेला
रोदी नगाइन पनि सक्छन्
हर्सोउल्लासको ।
फसल नबिक्न सक्छ
यो गिद्धहरूको बजारमा ।
बाटोभरि, कान्लाभरि
^याँक्नु पर्ने पनि हुनसक्छ,
रगत र आँशु चुहाउँदै ।
एउटा आशाको हुनसक्छ अवसान ।

देश चलाउनु र खेती गर्नु केही फरक छैन ।
घरका बलियाबाङ्गा बाहिर भौँतारिए भने,
काम गर्ने भएनन् भने
खेती नहुन पनि सक्छ,
फसल नलाग्न पनि सक्छ ।
रछ्यानभरि फैलिन्छन्, तितेपातिका झाँङ,
अनि डाँडाभरि जङ्गलीफूलको घारी ।

किसान हुनु र देश विकास गर्नु एकै हो ।
झिसमिसेमा उठेर सुरु गरिहाल्नुपर्छ
सुसेधन्दा
घाम नचर्किदैं नार्नुपर्छ गोरू
खाली खुट्टामै जोतिनुपर्छ कान्लाकान्लामा
तुरुरु पसिना चुहाउँदै ।
अनि न हुन्छ जोहो बर्षभरिको ।
नत्र पर्नुपर्नेछ अर्कैको भर ।
बस्नु पर्नेछ
भोक र शोकको गीत गाएर ।

# असारे गीत

**यशोदा भट्ट**
कोलोराडो

बिदेशमा बसी देशको यादमा सम्झेर रून‍ु छ हो हो .....
जाऊँ भने फर्की रिनको बोझ बेहाल हुनु छ ।

देश छाडे भन्दै गर्छन् गुनासो बुढा र पाकाले हो हो ......
परदेशी फर्क भन्दै बोलाउँछन् डाँडा र पाखाले ।
असारे मैना झरी र बर्षा छेक्नलाई घुम छैन हो हो ....
परदेशमा श्रम बेच्नेहरूको फर्कने सुर छैन ।

उता आमाले आँशुका ढिका बर्बरी झार्दि हुन् हो हो.....
डाँडामा बसी बाँझो खेत हेर्दै झम्के साँझ पार्दि हुन् ।
सुकिलो ठाउँमा टल्केको बाटो दुःख छ धमिलो हो हो ....
असारमा खेत रोप्न नपाउँदा मनभा’छ अमिलो ।

बादलको धर्को पानीको दर्को असारको बेलामा हो हो .....
परदेशमा छु म याद आउँछ उतै रोपाइँको मेलामा ।
हरीयो बन सिमसिमे पानी हिमालको काखमा हो हो ....
डाँफे र मुनाल कोइली गीत गाउँथे सुरिलो भाकामा ।

के गर्न आयौ बिदेशको भूमि त्यही एक पेट खाने हो, हो हो .
दुई दिने चोला के छ र आखिर मरेर जाने हो ।
हिमाल पहाड तराईको माया छ धेरै मलाई हो हो .....
अवश्य फर्की बस्नेछु उतै त्यही माटो सजाई ॥




# सन्तानको माया

**रीता ढकाल**
कोलोराडो

प्राणभन्दा पनि प्यारो घामभन्दा पनि तातो,
बनैभरि  लाली गुराँस फुलेभन्दा पनि रातो ।

लाग्छ हरपल अँगालेर चुमिरहूँ मीठो अमृत भन्दा पनि,
सुन हीरा र मोती को कुरै छाडौँ,
जीवनकै बहुमूल्य सम्पत्ति तिमी ।

यो मुटुको धड़कन तिमी, मेरा आँखाका नानी,
अमर, पबित्र अनि अतुलनीय मायाको पुञ्ज
तिमी मेरो उज्यालो बिहानी ।

जति हेर्यो लाग्छ हेरिरहूँ, अघाउँदैनन् हेरेर यी नयन,
पलभर बोली सुन्न नपाए, आतिन्छ साह्रै यो मन ।

चर्कंदा यो छाती, फर्फराउँदा यी परेली, सम्झना तिम्रै आउँछ,
पीडा तिमीलाई होलाकी भनी यो मन साह्रै डराउँछ ।

तिमी घर नभएको रात आउँदैन मीठो निद्रा नि,
बिपनी त सबै तिम्रै हो यो झल्को तिम्रै सपनीमा पनि ।

तिम्रा कोमल पाइलाहरू सत्मार्गमा बढिरहून्
हरेक तिम्रा यात्रामा सफलताले चुमिरहुन् ।

हेरेर तिम्रो प्रगति बाँच्न पाऊँ फुलाएर छाती
बसिरहनू मेरा परेलीमा तिमी मेरो मनको साथी ।

मुखले गाली गरौँ तर मनमा माया झनै गाढा
जति दूर पुग तिमी हूने छैनौ मेरो मनबाट टाढा ।

विज्ञानलाई जीतेर तिमी पुग्नु आकाश भन्दा माथि
तिमी जहाँ पुगेपनि यो मन त मेरो तिमी माथि ।

बसिरहनेछौ मेरै परेलीमा तिमी मेरो मनको साथी
बसिरहनेछौ मेरै परेलीमा तिमी मेरो मनको साथी ।

# तिम्रो शुभ आगमनको प्रतिक्षा गर्नेछु

**रमा पोखरेल**
कोलोराडो

सुन्दर सृष्टि थियौ तिमी
जीवनको वरदान,
वसन्त ऋृतु,
शुभ महिना
तिमी मेरो आँगनमा आयौ ।

शायद !
सदाबहार लिएर आएथ्यौ,
शुन्य जीवनमा,
उल्लास उमङ्गको
पूर्ण रमणीयता दिन ।

मैले पनि सोचेकी थिएँ
यो नयाँ उपहारलाई
जतन गर्नेछु,
फूलहरूको सेजमा
यिनलाई समाउनेछु,
यति धेरै माया दिनेछु
आज सम्मका संसार भरिका
सारा ममताका कथाहरू
मेरो वात्सल्यका कथा अगाडी
फिका पर्नेछन्  ।

तर ती सबै सोचाइहरू
कल्पना मै सीमित रहे
ममताको मन्दिरमा
तिमीलाई सजाएर ।

असल परिवेश दिन सकिनँ
तिम्रा लागि सजाएका स्वागतका
ती सम्पूर्ण
मेरा स्नेहका सामाग्रीहरू
गञ्जागोल जीवनमा
कता हराउन पुगेछन् ।

म जो,
नियतीको शिकार थिएँ
होस सम्हाले देखिकै
विडम्बनाहरूको परिवन्दमा
कैद थिएँ,
मेरा चेतनका दिशाहरू
सब दिग्भ्रमित थिए ।

सानैदेखि तिमी
असाधारण थियौ
तिम्रो तोते बोलीमा
ममताका सागर उर्लिन्थे
पाउजूको झङ्कार सँगैका,
तिम्रा टुकटुक हिँडाईमा,
दिव्य अलौकिक
आनन्दको अनुभूति हुन्थ्यो ।

तिम्रो शालिनता, सौम्यता
स्फटिक झैं,
त्यो निर्मल छवि,
तिम्रा सारा गुणहरूको
मेरै काखमा हत्या भयो ।

त्यसैले मैले
ईश्वरसँग
पुनर्जन्म मागेकी छु
तिमी पुनः मेरो आँगनमा
आउनू
वसन्त ऋृतु कै
शुभ महिनामा आउनू ।

त्यस बेला म,
नियतिसँग जुधेर
विडम्बनाहरूलाई उखेलेर
तिम्रा शालिनता, सौम्यता
स्वच्छताको जतन गर्नेछु ।

तिमी मेरो पुनर्जन्ममा
पुनः आउनू
ममताको सामाग्री लिएर
म तिम्रो
शुभ-आगमनको
प्रतिक्षा गर्नेछु ।




We wish a grand success of the upcoming ANA Convention event in Denver, CO dated July 1 & 2, 2023

Dr. Ambika P. Adhikari
Mrs. Durga Adhikari
Tempe, AZ



# जिन्दगी



**सविता सुबेदी**

डृयालस, टेक्सास

जिन्दगी! तिमीलाई फेरि जिउन मन छ
एक-एक घुट्को, दोहोर्याएर पिउन मन छ
सधैँ ढाले आफूलाई, दुनियाँकै ढाचामा
अलिकति मलाई, आफैँ भएर जिउन मन छ
एक-एक घुट्को दोहोर्याएर पिउन मन छ

घडिहरु कटिरहे, हर-पल ले कटायो मलाई
दिनरात जोडिदै गए, समयले घटायो मलाई
भुल्नलाई बिर्सिएका, यादहरुको कसम
उध्रिएका मनहरु, सबै सिउन मन छ
जिन्दगी! तिमीलाई फेरि जिउन मन छ

भरिदै गए पानाहरु, नलेखिएका कथाहरुले
अध्यायहरु थपियिरहे, भोगाइ र ब्यथाहरुले
ढल्दै गयो जिन्दगी, जसो-जसो आए मोडहरु
खुम्चिएका सपनाहरु, फेरी सोझ्याउन मन छ
एक-एक घुट्को, दोहोर्याएर पिउन मन छ

सम्हालिएर हिड्नुपर्ने, जीवनका सबै बाटाहरु
जानिएन कैयौं पटक, हिस्सामा परे घाटाहरु
बिजयी सधै मस्तिस्कभो, मन संगको खेलमा
भेटेर आफैलाई फुर्सतमा, हालचाल सोध्न मन छ
जिन्दगी! तिमीलाई फेरि जिउन मन छ
तिमीलाई फेरि जिउन मन छ







# मान्छे



**विजयराज भट्टराई**
ड्यालस, टेक्सास

मान्छे!
प्रकृतिको एउटा सृजना
कति बहुलठ्ठक छ!?
रोटी खादैमा अघाउदैन
गिदीमा अहमता भरिएको छ
उच्च सम्झन्छ आफूलाई
चित्त बुझाउदैन चरा जस्तै
नीलो आकाशमा उडाएर

उ सन्तुष्ट छैन
पैसाको डन्लपमा उत्तानो पर्दा
इतिहासको पाना
आफ्नै नामले भर्दा
लागिरहन्छ,भिडिरहन्छ,सोचिरहन्छ
निरन्तर! निरन्तर!!

हो, म जस्तै मान्छे
मान्छेहरुकै
इतिहास, भविष्य (?) खोज्न
इतिहासमा
अर्को एउटा पाना थप्न
पिण्ड-पिण्डहरुको
अनुसन्धानमा जुट्छ
ग्रह-ग्रहहरुको सोधमा भुल्छ।

पृथ्वी कतै ठोक्किने पो हो कि?
पृथ्वी कतै जोत्तिने पो हो कि?
आमाको
ताते-ताते र कोखाइ-कोखाई
बच्चाहरुलाई झैं माया गर्दै
चौबीसै घण्टा
अन्तरीक्ष नियाली रहन्छ।

हो, उ सपना देख्ने मान्छे
उडेकाहरु,
नफर्किए पनि
लिन गएकाहरु
नपुग्दै खरानी भए पनि असफलतालाई सिकाई ठान्छ
खर्चलाई लगानी भन्छ
लडे पनि उठेर
धुलो टक्टक्याउदै
फेरि,
लागिरहन्छ,भिडिरहन्छ,सोचिरहन्छ
निरन्तर! निरन्तर!!

पानीमा हराएर भेट्टाएको
जमीनको इतिहास साक्षी छ
अब, हावा तरेर जमीन खोज्दैछ
हो, बसाई सर्न पल्केको उ
हरेक बसाइँसराइको प्रगति सम्झेर
अब, पृथ्वी छोड्न खोज्दैछ।

आधा शताब्दी अघि
चन्द्रमामा पुगेर फर्केपछि
पृथ्वी छोड्ने सपना बोकेर
ग्रहहरुको सोधमा जुटेको उ
पटक पटक मङ्गल पुगेको छ।
जीवा-अवशेस खोज्दै
माटो-ढुङ्गाको स्याम्पल बटुल्न
पृथ्वीलाई नै बिबाह मण्डप
बनाउन पुग्ने खर्च गरेर
उ आफ्नै स्वार्थ पूर्तीमा
अक्सिजन र हाइड्रोजनको
सम्भाब्यता खोज्दैछ।

हो, एकदिन उसको सपना
साकार हुन्छ
अध्ययनले त्यही भन्छ
हिडिरहनेहरु गन्तव्यमा पुग्छन
निरन्तर कृयाशिल,
अथक प्रयत्न
नबुझ्दा- पैसाको खोलो बगिरहेछ
बुझ्दा - एउटा सपना झाङ्गिरहेछ
भावी सन्ततीलाई चुनौती थप्दै
मान्छे अझै
लागिरहेछ-लागिरहेछ!!


*फेब्रुअरी २१, २०२१*



WE WISH A GRAND SUCCESS OF THE UPCOMING ANA CONVENTION EVENT IN DENVER, CO DATED JULY 1 & 2, 2023

Mrs. Yamuna Bhattarai
Mr. Nandi Keshar Bhattarai
& Family



We wish a grand success of the upcoming ANA Convention event in Denver, CO dated July 1 & 2, 2023

Mr. Roger Adhikari
Mrs. Nitya Adhikari
Denver, CO

Thank you all for your support to make the ANA convention 2023 successful.

**ANA Convention Convener**
**Mr. Binod Raj Tripathi**
& Mrs. Parbati Tripathi
Ms. Sweta Tripathi
Ms. Swechchha Tripathi








Thank you all for making ANA Convention Successful in Denver, CO July 1 & 2, 2023

*Mr. Bijay R. Bhattarai*
*Chair, ANA Convention 2023*
*& Family*

# ZEN TRAVELS

202-552-1508 est. 2006

नेपाल जाने सस्तो टिकटको लागि जेन ट्राभल्सलाई सम्पर्क गर्नु होला

**BOOK ONLINE**

search, compare & buy

## Why Zen Travels?

- 24 * 7 phone support in Nepali & English
- Excellent, trustworthy service since 2006
- Cheap tickets to Nepal in all major airlines

Buy online at zentravels.com

*Book on our site, and save time & money*

Call 24 * 7

*For 202 552 1508 at your convenience all year round*

Community

*Proud sponsor of the ANA, and many Nepali sports, entertainment, cultural, education and networking events.*



zentravels.com

202-552-1508 est. 2006